यस समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू,

अतिथिको रुपमा मञ्चमा आसीन

विभिन्न मन्त्रालयका श्रीमान् सचिवज्यूहरु

कर्णाली प्रदेश अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्टज्यू

लोक सेवा आयोगका निमित्त सचिवज्यू

मुख्य न्यायाधिवक्ता कार्यालयका कार्यालय प्रमुखज्यू

विभिन्न निर्देशनालयका निर्देशकज्यूहरु

कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतका प्रमुख कोष नियन्त्रकज्यू

कर्णाली प्रदेश खेलकूद विकास परिषद्का सदस्य सचिवज्यू

कर्णाली प्रदेश योजना आयोगका प्रमुख प्रशासकीय अधिकृतज्यू

सुर्खेतजिल्ला स्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरु

नेपाल राष्ट्र बैङ्क सुर्खेत कार्यालयका निर्देशकज्यू

प्रदेश लेखा इकाई कार्यालयका कार्यालय प्रमुखज्यूहरु

राष्ट्रिय बाणिज्य बैङ्क प्रादेशिक कार्यालयका प्रमुखज्यू

नेपाल बैङ्क लिमिटेड प्रादेशिक कार्यालयका प्रमुखज्यू

संघीय आयोजना कार्यान्वयन इकाईका प्रतिनिधिज्यू

विभिन्न मन्त्रालय निर्देशनालय आयोग सभा परिषद् र कार्यालयका लेखा प्रमुखज्यूहरु

निर्माण व्यवसायी शिवशक्ति चक्रेश्वरी जे भी का प्रतिनिधिज्यू

पत्रकार मित्रहरु र

अन्य उपस्थित महिला तथा सज्जन वृन्द !

कर्णाली प्रदेश सरकार स्थापना भए यता प्रदेश सरकारकै पहिलो भवनको रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय भवन हामीले निर्माण सम्पन्न गरेका छौं ।यो भवन प्रदेश सरकारको मात्र पहिलो भवन होइन देशै भरिका प्रदेश लेखा नियन्त्रक कार्यालयहरु मध्ये पहिलो भवन हो । यहाँहरुलाई यस किसिमको सन्देश सुनाउन पाउँदा हामीलाई गर्वानुभूति भएको छ।

यस कार्यालयले आ. व. २०७५/७६ देखि प्रदेश सरकारको निकायको रुपमा कार्य गर्दै आएको छ। दुई जना लेखापाल तहको कर्मचारी र एक जना कार्यालय प्रमुख गरी तीन जना कर्मचारीबाट कार्यको थालनी गरेका थियौं । न बस्ने बास, न काम गर्ने थलो, न पर्याप्त कर्मचारी । प्रदेश सरकार स्थापना हुँदा अधिकाँश कार्यालयले भोगेको नियति थियो यो। नियति त सबैले भोगेकै थिए तर नियतिको जुन असर हो त्यो हामीलाई सबैभन्दा बढी परेको थियो।

किनभने आर्थिक मामिला तथा योजना मन्त्रालय विशुद्द नौलो मन्त्रालय थियो।साविकमा यस मन्त्रालयका कुनै संरचना हस्तान्तरण भएका थिएनन्।

तत्कालीन आर्थिक मामिला मन्त्री र हालका संघीय भौतिक पुर्वाधार तथा यातायात मन्त्री माननीय प्रकाश ज्वालाज्यूको कार्यकक्ष बर्खा याममा चुहिएर स्वयं मन्त्रीज्यूले बाल्टी थापेर बसेको मेरो आँखामा ताजै छ। तालुक मन्त्रालय त यस्तो अवस्थाबाट गुज्रेको थियो भने हामी कुन हालतमा थियौं होला यहाँहरुले सहजै अनुमान गर्न सक्नुहुन्छ।

**समारोहमा उपस्थित प्रमुख अतिथि तथा अतिथिज्यूहरु,**

साविक डिभिजन सहकारी कार्यालयको भवनबाट सेवा प्रारम्भ गरेको यस कार्यालयले हाल आएर विभिन्न ऐन, नियम, कार्यविधि निर्माण गरेर संस्थागत भएको छ।हामीले सुर्खेत बाहेक अन्य जिल्लाहरुमा यस कार्यालय मातहत इकाई कार्यालयहरु स्थापना गरेका छौं। प्रदेशभरि प्रदेश लेखा इकाई कार्यालयहरु स्थापना गर्ने यो प्रदेश नै पहिलो हो। हाल आएर अन्य प्रदेशहरुले यस किसिमको कार्य अनुसरण गरेको देख्दा हामीलाई खुसी लागेको छ।

महालेखा परीक्षकको कार्यालयबाट यस प्रदेश मातहतका कार्यालयहरुको लेखापरीक्षण हुने गर्दछ। महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएको बेरुजु रकमको लगत राख्नका लागि नेपालमै पहिलो पटक यस कार्यालयको सक्रियतामा प्रदेश सरकारले बेरुजु व्यवस्थापन सूचना प्रणाली लागू गरेको छ।आ. व. २०७४/७५ देखि आ. व. २०७८/७९ को म. ले. प. प्रतिवेदन यस प्रणालीमा प्रविष्टि भै प्रदेश सरकारको हालसम्मको बेरुजु रकम डिजिटाइज्ड भएको व्यहोरा अनुरोध गर्न चाहन्छु।यस प्रणालीले बेरुजु

फछ्र्यौट कार्यमा विशिष्ट योगदान दिई आर्थिक अनुशासनको पालना हुने कुरामा विश्वास हामीले लिएका छौं।

**समारोहमा उपस्थित प्रमुख अतिथि तथा अतिथिज्यूहरु,**

तत्कालीन अवस्थामा हामीलाई साविक डिभिजन सहकारी कार्यालयको भवन उपलब्ध गराउन सहयोग गर्ने तत्कालीन मुख्यमन्त्री र हालका संघीय संसद माननीय महेन्द्र बहादुर शाहीज्यू, तत्कालीन भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री विमला केसी ज्यूप्रति हामी आभार व्यक्त गर्न चाहन्छु। त्यसै गरी हामीलाई जग्गाको भोगाधिकार उपलब्ध गराउनु हुने तत्कालीन वीरेन्द्रनगर नगरपालिकाका प्रमुख देवकुमार सुवेदीज्यू, प्राविधिक सहयोग उपलब्ध गराई निर्माण कार्य समय अगावै सम्पन्न गर्न सहयोग गर्ने संघीय कार्यान्वयन इकाई कार्यालय परिवार, निर्माण व्यवसायी, आर्थिक मामिला तथा योजना मन्त्रालय परिवार प्रति आभार व्यक्त गर्न चाहन्छु।

त्यसैगरी यस समारोहमा उपस्थित कार्यक्रमको शोभा बढाइदिनु भएकोमा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीज्यू, विभिन्न मन्त्रालयका श्रीमान् सचिवज्यूहरु, कार्यालय प्रमुखज्यूहरु लेखा प्रमुखज्यूहरु पत्रकार मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावरुमा हार्दिक आभार व्यक्त गर्दछु।

र कार्यक्रम यहीँ समापन भएको निवेदन गर्न चाहन्छु । यहाँको दिन शुभ रहोस् ।

धन्यवाद !

नमस्कार ।